नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी ।

भन्सार नियमावली, २०६४ को नियम ३५(१) बमोजिम यस कार्यालयबाट गोप्य सिलबन्दी बोलपत्रद्वारा विभिन्न सवारी साधन लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सूचना ।

**दोश्रो पटक सूचना प्रकाशन मिति २०८२।०३।१०**

विभिन्न निकायहरुबाट विभिन्न मितिमा भन्सार चोरी निकासी/पैठारी अभियोगमा दाखिला हुन आई यस कार्यालयबाट जफत गरिएका तपसिलमा उल्लेखित दर्ता हुने मोटर साईकल र सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले ईच्छुक ब्यक्ति/फर्म/कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८२।०३।१६) गतेभित्र निम्न लिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएकोछ। बोलपत्र फारम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ। साथै आफुले कबोल गरेको रकमको न्यूनतम १०% ले हुने धरौटी रकम प्रभु बैक लिमिटेड, ईनरुवा, सुनसरी शाखामा रहेको यस भन्सार कार्यालयको कोड नं. ३०५०३१४०१ र भन्सार कोष खाता नं. क-२.९-१०४०११४५८६६०००२१ मा रकम जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैक भौचर बोलपत्र फारमसाथ पेश गर्नुपर्नेछ। साथै यो सूचना भन्सार विभागको वेभसाईट www.customs.gov.np र sunsari.customs.gov.np मा पनि हेर्न सकिनेछ। अन्य विस्तृत ब्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिनेछ।

**तपसिल**

| सूचना सि.नं. | मुद्दा नम्वर | किसिम | कम्पनी | मोडल | ईन्जिन नम्वर | चेसिस नम्वर | उत्पादन वर्ष | क्षमता | न्युनतम मूल्य रु. (कर वाहेक) |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ४१(२)/२०८१-०८२ | मो.सा. | HERO | SPLENDER PLUS | HA11EYNHA62608 | MBLHAW124NHA92373 | 2022 | 97.2 | ५००००.०० |
| २१ | २८९/२०८१-०८२ | मो.सा. | HERO | SPLENDER | HA11EXM9H00496 | MBLHAW107M9H00815 | 2021 | 97.2 | ४२०००.०० |
| २८ | ६४७/२०७९-०८० | मो.सा. | HERO | EXTREME | MC20AAKGC01532 | MBLLCU013KGC00937 | 2019 | 149.2 | ४००००.०० |
| २९ | ४०८/२०८१-०८२ | मो.सा. | BAJAJ | PULSER | DHYRJA48663 | MD2A11CY7JRA25559 | 2018 | 149.01 | ३२०००.०० |

राधेश्याम दाहाल
प्रमुख भन्सार अधिकृत

| सूचना सि.नं. | मुद्दा नम्वर | किसिम | कम्पनी | मोडल | ईन्जिन नम्वर | चेसिस नम्वर | उत्पादन वर्ष | क्षमता | न्युनतम मूल्य रु. (कर वाहेक) |
|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | ६९२/०८०-०८१ | मो.सा. | BAJAJ | CT | DUZPGA41048 | MD2A18AZ1GPA35738 | 2016 | 99.27 | १२०००.०० |
| ४६ | ३४५/०७९-०८० | मो.सा. | TVS | STAR CITY+ | CF1AG1426148 | MD625CF18G1A91014 | 2016 | 99.7 | १२०००.०० |
| ५१ | ५१९/०७९-०८० | मो.सा. | TVS | SPORT | PF5LJ14A6994 | MD625PF59J3L56574 | 2018 | 99.7 | १२०००.०० |
| ५४ | २३५/०८०-०८१ | मो.सा. | BAJAJ | DISCOVER | JZZWGM52080 | MD2A15BZ3GWM13851 | 2016 | 124.6 | १२०००.०० |
| ५६ | ३४८/०७९-०८० | मो.सा. | BAJAJ | DISCOVER | JZZWGA01000 | MD2A15BZXGWA23798 | 2016 | 124.6 | १३०००.०० |
| ६० | ११३४/०८०-०८१ | AUTO | ATUL | GEMINI | CAC18F8767 | MCG36P3PBF1814767 | 2018 | 198.6 | ६१०००.०० |
| | | | | | | | | **कूल जम्मा :-** | २८६०००.०० |

## सिलबन्दी बोलपत्र फारम सम्बन्धी शर्तहरु:

१ उल्लिखित बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने (RIMS) गरी प्रभु बैक लिमिटेड, सुनसरी भन्सार एक्सटेन्सन काउण्डर, सेतुबन्ध, सुनसरीमा यस भन्सार कार्यालयको कोड नं. ३०५०३१४०१ बाट राजस्व शीर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरेको सक्कल भौचर यस कार्यालयमा पेश गर्ने । यो सूचना जारी भएको मितिले ७ औं दिन (२०८२।०३।१६) गतेसम्म कार्यालय समय ५:०० वजेभित्र व्यक्ति/फर्म र संस्थाहरुले दर्ता हुने मोटर साईकल तथा सवारी साधनको हकमा प्रति बोलपत्र फारम रु.१०००।०० दस्तुर तिरी खरिद गर्न सक्नेछ ।

२ बोलपत्र फारम खरिद गर्न आउँदा आफूले लिन चाहेको दर्ता हुने सवारी साधनको सि.नं. र मुद्दा नम्बर उल्लेख गरी फर्म/कम्पनी/सस्थाहरुको हकमा आ.व. २०८०।८१ को करचुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनिवार्यरुपमा स्थायी लेखा नम्बर (पान) को प्रमाण पत्रको प्रतिलिपि समेत बोलपत्र फारमसाथै पेश गर्नुपर्नेछ ।

३ आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्चाइएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४ बोलपत्र फारम पेश गर्दा सो बोलपत्र खामभित्र राखी खाम बन्द गरी खाममा बाहिरबाट सिलबन्दी लाहाछाप समेत लगाई खाम बन्द गरेको स्थानमा दस्तखत गरी पेश गर्नुपर्नेछ ।

राधेश्याम दाहाल
प्रमुख भन्सार अधिकृत

५ बोलपत्र फारम भएको खाम बाहिर बोलपत्र सूचना नं., मुद्दा नं. र बोलपत्रदाताको नामथर, ठेगाना उल्लेख गर्नुपर्नेछ। साथै प्रचलित कानून बमोजिम रित नपुगी पेश भएको, कार्यालय समयभित्र पेश हुन नआएको र कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन ।

६ बोलपत्रदाताले जसको नाममा बोलपत्र फारम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट बिक्री भएको सक्कल बोलपत्र फारममा मात्र बोलपत्र भर्नु पर्नेछ । प्रत्येक सि.नं. को छुट्टा-छुट्टै बोलपत्र खरिद गरी सोही बमोजिम छुट्टा-छुट्टै पेश गरी दर्ता गराउनु पर्नेछ । प्रत्येक सवारी साधनको धरौटी बापतको छुट्टा-छुट्टै बैंक भौचर सक्कलै प्रति फारमसाथ संलग्न गर्नुपर्नेछ । बैंक भौचरको प्रतिलिपीलाई मान्यत दिइने छैन ।

७ खरिद गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८२।०३।१७) गते मंगलवार दिनको १२.०० बजेसम्म (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) यस कार्यालयको प्रशासन शाखामा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिन (२०८२।०३।१७) गते दिउँसो १३.०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

८ बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरी जानकारी गराइनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको मालबस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर रकम समेत बुझाई उठाई लैजानुपर्नेछ । साथै यो सूचना भन्सार विभागको वेबसाइट www.customs.gov.np र sunsari@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

९ कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने करसमेत बुझाई मालबस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो र चौथो घटिवालाको कबोल अङ्क स्वीकृत गरिनेछ । कसैले पनि सवारी साधन तोकिएको म्यादभित्र उठाई नलगेमा बोलपत्रदाताको धरौटी रकम जफत गरी पूनः लिलामको कारवाही अघि बढाइनेछ ।

१० लिलाम सकार गरेका सवारी साधनको प्रचलित ऐन, नियमानुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ताकै हुनेछ ।

११ सवारी साधन हेर्न चाहेमा बोलपत्र आह्वान भएको मितिबाट दिनको १०.०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म कार्यालय खुलेको दिनमा हेर्न सकिने र अन्य केही थप कुरा बुझ्नुपरेमा कार्यालय समयमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पूनः लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३ यसमा उल्लेख भए बाहेक अन्य विषयहरु नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
सुनसरी भन्सार कार्यालय
भेडियाही, सुनसरी

२०८२।०३।१०
राधेश्याम दाहाल
प्रमुख भन्सार अधिकृत